# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ८१ | निर्णय मितिः २०८१/०३/०५ |
|---|---|

**निर्णय नं.: ८३**

**आयोगको छैठौं वार्षिक प्रतिवेदन, २०८१ तयार गर्नका लागि समिति गठन सम्बन्धमा**

आ.व. २०८०/८१ मा आयोगले गरेका काम कारवाहीको विस्तृत प्रतिवेदनको रुपमा **आयोगको छैठौं वार्षिक प्रतिवेदन, २०८१** तयारीका लागि देहायबमोजिम निर्देशन समिति र मस्यौदा समिति गठन गरी कार्य शर्त तोक्ने।

<u>देहाय</u>

**क. निर्देशन समितिको गठन**

| | |
|---|---|
| आयोगका माननीय अध्यक्ष | संयोजक |
| आयोगका माननीय सदस्यहरु | सदस्य |
| सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| महाशाखा प्रमुख, सबै महाशाखा | सदस्य |
| शाखा प्रमुख, योजना अनुगमन तथा कार्यक्रम शाखा | सदस्य-सचिव |

**निर्देशन समितिको कार्य शर्त**

१. आयोगको छैठौं वार्षिक प्रतिवेदन, २०८१ को ढाँचा र प्रतिवेदनमा समावेश गर्ने विषयहरु निर्धारण गर्नेछ।

२. वार्षिक प्रतिवेदन मस्यौदा समितिलाई आवश्यक निर्देशन दिने समय समयमा राय सुझाव प्रदान गरी सहजिकरण गर्नेछ।

३. वार्षिक प्रतिवेदन मस्यौदा समितिको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यकता अनुसार राय सुझाव एवम् पृष्ठपोषण गर्नेछ।

४. वार्षिक प्रतिवेदन मस्यौदा समितिबाट पेश भएको प्रतिवेदनको मस्यौदा माथि आवश्यक छलफल गरी अन्तिम रुप प्रदान गर्नेछ।

५. समितिले आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई बैठक तथा छलफलमा आमन्त्रण गर्न सक्नेछ।

६. समितिले कार्यालय समयमा कार्यालय बाहिरबाट आमन्त्रण गरिने प्रतिनिधिको उपलब्धता हुन नसकेमा र नियमित कार्यालय समयका अतिरिक्त समेत कार्य गर्नुपर्ने भएमा कार्यालय समय अघिपछिको समय र सार्वजनिक विदाको समय समेत उपयोग गरी समयमा नै वार्षिक प्रतिवेदन तयार गर्नेछ।

७. समितिका बैठकमा उपस्थित पदाधिकारीलाई अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको खर्च मापदण्ड अनुसारको बैठक भत्ता उपलब्ध हुनेछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## ख. मस्यौदा समितिको गठन

| | |
|---|---|
| सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | संयोजक |
| महाशाखा प्रमुख, नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | सदस्य |
| महाशाखा प्रमुख, प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट महाशाखा | सदस्य |
| महाशाखा प्रमुख, वित्तीय व्यवस्थापन महाशाखा | सदस्य |
| शाखा प्रमुख, सबै शाखा | सदस्य |
| प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| शाखा अधिकृत, योजना, अनुगमन तथा कार्यक्रम शाखा | सदस्य-सचिव |

**मस्यौदा समितिको कार्य शर्त :**

१. नेपालको संविधानको धारा २९४ र यससंग सम्बन्धित कानून बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको **छैठौं वार्षिक प्रतिवेदन, २०८१** को मस्यौदा तयार पारी २०८१ भाद्र तेस्रो हप्ता भित्र पेश गर्नेछ।

२. यसैगरी **सातवटा प्रदेशको प्रदेशगत वार्षिक प्रतिवेदन**को मस्यौदा तयार पारी पेश गर्नेछ।

३. समितिले आफ्नो कार्य सम्पादन गर्दा अन्य संवैधानिक आयोगहरुको प्रतिवेदनहरुलाई सन्दर्भ सामाग्रीको रुपमा लिन सक्नेछ।

४. समितिले प्रतिवेदन तयार गर्दा नियमित रुपमा वार्षिक प्रतिवेदन निर्देशन समितिको र समय समयमा आयोगका माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरूको निर्देशन तथा सुझाव ग्रहण गर्नेछ।

५. समितिले आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई बैठक तथा छलफलमा आमन्त्रण गर्न सक्नेछ।

६. समितिले कार्यालयको जनशक्तिबाट कार्यालय समयमा वार्षिक प्रतिवेदन लेखनको कार्य गर्ने र सो समयमा कार्यालय बाहिरबाट आमन्त्रण गरिने प्रतिनिधिको उपलब्धता हुन नसकेमा र नियमित कार्यालय समयका अतिरिक्त समेत कार्य गर्नुपर्ने भएमा कार्यालय समय अघिपछिको समय र सार्वजनिक विदाको समय समेत उपयोग गरी समयमा नै वार्षिक प्रतिवेदनको मस्यौदा तयार गर्नेछ।

७. समितिका बैठकमा उपस्थित पदाधिकारीलाई अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाको खर्च मापदण्ड अनुसारको बैठक भत्ता उपलब्ध हुनेछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## निर्णय नं.: ८४

## माननीय अध्यक्षज्यूको सचिवालयको प.सं. २०८०/८१, च.नं. १७, मिति २०८१/०२/११ को पत्र सम्बन्धमा

पत्रमा उल्लेखित व्यहोरा सम्बन्धमा छलफल गरियो। नेपाल सरकारको आ.व. २०८१/८२ का लागि प्रस्तुत नीति तथा कार्यक्रमको बुँदा नं. २२ मा "...तीन तहका सरकारबीच प्राकृतिक स्रोतको परिचालन एवम् बाँडफाँट, लगानी तथा प्रतिफलको हिस्सा निर्धारण तथा विवाद निरुपणका लागि एकीकृत कानून तर्जुमा गरिने छ" भनी उल्लेख समेत भएको सन्दर्भमा आगामी आर्थिक वर्षमा सो विषयमा अध्ययन कार्य अघि बढाउने निर्णय गरियो।

## निर्णय नं.: ८५

## आयोगका पदाधिकारीहरुको कार्य विभाजन सम्बन्धमा

आयोगको मिति २०८१/०१/२५ गतेको कार्यविभाजन परिमार्जनका लागि माननीय सदस्य श्री जुद्द बहादुर गुरुङलाई जिम्मेबारी दिइएकोमा माननीय सदस्यज्यूबाट पेश हुन आएको **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारीको कार्यक्षेत्र बाँडफाँट तथा कार्य विभाजन सम्बन्धी प्रतिवेदन, २०८१** मा छलफल गरियो। आयोगको क्षेत्राधिकार भित्र परेका विषयहरुलाई प्रभावकारी रुपमा सम्पादन गर्न र लामो समयसम्म एकै प्रकारको कार्यजिम्मेवारीबाट भएका नैराश्यता हटाई थप प्रभावकारी रुपमा काम गर्न कार्य विभाजनलाई पुनरावलोकन गर्न आवश्यक भएकोले हाललाई देहायबमोजिम कार्यविभाजन गर्ने र यसलाई भावी दिनमा समयानुकूल बनाउन आवश्यकता अनुसार परिमार्जन गर्दै लैजाने समेत निर्णय गरियो।

**देहाय**

**आयोगका पदाधिकारीहरू माननीय (अध्यक्ष/सदस्य) बीच गरिएको कामको बाँडफाँड तथा कार्य विभाजन**

| सि.नं. | पदाधिकारी नाम, थर | कामको बाँडफाँड तथा कार्य विभाजन |
|---|---|---|
| १. | **माननीय अध्यक्ष<br>श्री बालानन्द पौडेल** | १. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ख) बमोजिम संघीय संचित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको विस्तृत आधार, ढाँचा र अनुदान रकम निर्धारण गरी संघीय सरकारलाई सिफारिस गर्ने सम्बन्धी कार्य र<br>२. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (झ) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा **संघीय ईकाइहरु**बीच उठ्न सक्ने विवाद निवारणमा समन्वय एवम् सुझाव प्रदान सम्बन्धी कार्य।<br>३. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड (क) बमोजिम प्रदेश कानूनका आधारमा प्रत्येक प्रदेशले प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको विस्तृत आधार, ढाँचा र अनुदान रकम निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने सम्बन्धी कार्य।<br>४. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड |

| सि.नं. | पदाधिकारी नाम, थर | कामको बाँडफाँड तथा कार्य विभाजन |
|---|---|---|
| | | (ङ) बमोजिम संघ र प्रदेश बीच राजश्व बाँडफाँड सम्बन्धमा सुझाव प्रदान गर्ने सम्बन्धी कार्य।<br>५. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड (ग) बमोजिम तीनै तहका सरकारबीच राजश्व बाँडफाँड सम्बन्धमा उठेको विवाद समाधानमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य।<br>६. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड (च) बमोजिम तीनै तहका सरकारले लगाउने करका सम्बन्धमा सुझाव प्रदान गर्ने सम्बन्धी कार्य। |
| २. | **माननीय सदस्य**<br>**श्री जुद्ध बहादुर गुरुङ** | १. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार निर्धारण सम्बन्धी कार्य।<br>२. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ज) बमोजिम प्राकृतिक स्रोतको परिचालनमा तीनै तहका सरकारको लगानी र प्रतिफलको हिस्सा निर्धारणको आधार तय तथा सो सम्बन्धी अध्ययन अनुसन्धानका कार्य।<br>३. संविधानको धारा २५१ को उपधारा (२) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँड गर्दा वातावरणमा पर्नसक्ने असरका सम्बन्धमा वातावरणीय प्रभाव मूल्यांकन लगायतका अन्य अध्ययन अनुसन्धान सम्बन्धी कार्य।<br>४. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (झ) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघीय ईकाइहरु **(कोशी प्रदेश र सुदुर पश्चिम प्रदेश भित्रका)** बीच उठ्न सक्ने विवाद निवारणमा समन्वय एवम् सुझाव प्रदान सम्बन्धी कार्य ।<br>५. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ को उपदफा (२) बमोजिम प्रदेश र स्थानीय तहको कार्यसम्पादन मापनका आधार तयार गर्ने एवम् सो को मूल्यांकन गर्ने सम्बन्धी कार्य।<br>६. "अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४" को दफा ७ को उपदफा (२) संग सम्बन्धित अनुसूची ४ बमोजिम प्राकृतिक स्रोत (विद्युत र पानी बाहेकका अन्य सबै) को उपयोगबाट प्राप्त रोयल्टी बाँडफाँडको विस्तृत आधार, ढाँचा तथा रोयल्टीको हिस्सा निर्धारण सम्बन्धी कार्य। |
| ३. | **माननीय सदस्य**<br>**श्री अमर राज मिश्र** | १. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (झ) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघीय ईकाइहरु **(गण्डकी प्रदेश र कर्णाली प्रदेश भित्रका)** बीच उठ्न सक्ने विवाद निवारणमा समन्वय एवं सुझाव प्रदान गर्ने सम्बन्धी कार्य।<br>२. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड |

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

| सि.नं. | पदाधिकारी नाम, थर | कामको बाँडफाँड तथा कार्य विभाजन |
|---|---|---|
| | | (ख) बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने अनुदान सम्बन्धमा सुझाव प्रदान गर्ने सम्बन्धी कार्य।<br>३. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ (१) को खण्ड (घ) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा सुझाव प्रदान गर्ने सम्बन्धी कार्य।<br>४. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६" को नियम ३ को उपनियम (ङ) बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवं विवरण नियमित रूपमा प्राप्त गर्ने सम्बन्धी कार्य।<br>५. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६" को नियम ३ को उपनियम (झ) बमोजिम कार्यसम्पादनको सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने सम्बन्धी कार्य।<br>६. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम प्राकृतिक स्रोतको संरक्षण र उपयोगको विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने।<br>७. आयोगका सिफारिसहरुको कार्यन्वयनको अनुगमन र मूल्याङ्कन गर्ने। |
| ४. | **माननीय सदस्य**<br>**श्री विपिन राज निरौला** | १. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) बमोजिम तीनै तहका सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्ने सम्बन्धी कार्य।<br>२. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ङ) बमोजिम तीनै तहका सरकारका बीच खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायका सम्बन्धमा सिफारिस सम्बन्धी कार्य।<br>३. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) बमोजिम संघीय संचित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच हुने राजश्व बाँडफाँडको विस्तृत आधार, ढाँचा र अनुदान रकम निर्धारण सम्बन्धी कार्य र संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (छ) बमोजिम राजस्व बाँडफाँडका आधारहरुको पुनरावलोकन सम्बन्धी कार्य।<br>४. संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (झ) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघीय ईकाइहरु (**मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेश भित्रका**) बीच उठ्न सक्ने विवाद निवारणमा समन्वय एवम् सुझाव प्रदान गर्ने सम्बन्धी कार्य।<br>५. "अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४" को दफा ६ (क) को उपदफा (४) |

| सि.नं. | पदाधिकारी नाम, थर | कामको बाँडफाँड तथा कार्य विभाजन |
|---|---|---|
| | | बमोजिम प्रदेश र स्थानीय तहका साझा अधिकारको सूचीमा रहेको सवारी साधन करको बाँडफाँड सम्बन्धी विस्तृत आधार, ढाँचा र हिस्सा निर्धारण गर्ने र सो को अध्ययन अनुसन्धान गर्ने, गराउने सम्बन्धी कार्य।<br>६. "अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४"को दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ बमोजिम प्राकृतिक स्रोत (विद्युत र पानी) को उपयोगबाट प्राप्त रोयल्टी बाँडफाँडको विस्तृत आधार, ढाँचा र रोयल्टीको हिस्सा निर्धारण सम्बन्धी कार्य गर्ने।<br>७. प्राकृतिक स्रोत, विद्युत र पानीको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने, गराउने र सो को वस्तुगत आधार मापदण्ड निर्धारण गर्ने, गराउने सम्बन्धी कार्य। |
| | आयोगका माननीय अध्यक्षज्यूको जिम्मेवारीभित्र रहेका अन्य कार्यहरु | १. वित्तीय उत्तरदायित्व ऐनले व्यवस्था गरे बमोजिमका कार्यहरु, आयोगको संस्थागत, संरचनागत, कानूनी, प्रशासनिक, व्यवस्थापकीय, कर्मचारी व्यवस्थापन, सचिवालय, वैदेशिक सम्बन्ध लगायतका दैनिक प्रशासनिक र भैपरी आउने विषयहरु।<br>२. प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विवादको प्रतिवेदन सम्बन्धी विषय आयोगको अध्यक्षज्यू मार्फत आयोगमा पेश गरिनेछ। |

**पुनश्च, स्पष्ट :**

१. "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४" को दफा ११ र "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६" को नियम ४ बमोजिम आयोगका अध्यक्ष र सदस्यहरूबीच कार्य विभाजन तथा कामको बाँडफाँड गरिएको छ।

२. आयोगलाई तोकिएको संवैधानिक एवम् कानूनी जिम्मेवारी सम्पादन गर्ने प्रकृयामा सहजता ल्याउन यो कार्य विभाजन गरिएको छ।

३. आयोगमा कार्यरत कर्मचारीले आयोगको बैठकमा कुनै विषयका सम्बन्धमा, कागजपत्र वा प्रस्ताव पेश गर्नु परेमा माथि व्यवस्था गरिएको जिम्मेवारी बमोजिम सम्बन्धित पदाधिकारी (अध्यक्ष वा सदस्य) मार्फत अयोगको बैठकमा पेश गरिनेछ।

४. कुनै कामको विवरण स्पष्ट नभएको, जिम्मेवारीमा द्विविधा भएको, कुनै नीतिगत विषय वा अन्य विविध विषयको हकमा अध्यक्ष मार्फत आयोगको बैठकमा छलफलका लागि पेश गरिनेछ।

५. कुनै सदस्यको कार्य विभाजनमा नरहेको विषय वा क्षेत्रको सम्बन्धमा जिम्मेवारी तथा अख्तियारी आयोगको निर्णयानुसार हुनेछ।

६. यो कार्य विभाजन अनुसार कुनै सदस्यबाट आयोगमा समयमै प्रस्ताव पेश हुन नसक्ने अवस्था भएमा अध्यक्ष आफैले वा कुनै सदस्य मार्फत प्रस्ताव पेश गर्न लगाउन सक्ने छन्।

## निर्णय नं.: ८६

## आयोगका पदाधिकारीहरूलाई आयोगको निर्णय जानकारी गराउने सम्बन्धी

आयोगको बैठकमा भएका निर्णयहरू आयोगका पदाधिकारीहरूलाई (माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरूलाई) जानकारी दिने सम्बन्धमा देहायबमोजिम गर्न निर्णय गरियो।

- प्रशासन शाखामार्फत अध्यक्ष एवं सदस्यज्यूहरुलाई वैठकको निर्णय उपलब्ध गराउने।

## निर्णय नं.: ८७

## विविध

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ को नियम ९ को उपनियम (९) बमोजिम बैठकमा उपस्थित सबै सदस्यहरुको सहमतिले देहायको विषयमा छलफल गरी निर्णय गरियो।

(१) माननीय सदस्यहरु कुनै कारणवश आयोगको वैठकमा उपस्थित हुन असमर्थ हुने भएमा सम्भव भएसम्म माननीय अध्यक्षलाई अग्रिम जानकारी गराउन उपयुक्त हुने।

(२) आयोगको बैठकमा छलफल भई निर्णय भएका विषयमा सदस्यको फरक मत भए निर्णय भएका बखत फरक मत रहेको व्यहोरा लिखित रुपमा उल्लेख गरी वैठक सम्पन्न भएको २४ घण्टा भित्र माननीय अध्यक्ष मार्फत आफ्नो फरक मत सचिवालयलाई उपलब्ध गराउनुपर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग